PURE
ENERGY LTD

च. नं. PURE-LEGAL|2082-83-15

मिति २०८२/१०/२७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं

सि. डि. एस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाण्डौं

विद्युत नियमन आयोग
सानो गौचरण काठमाण्डौं

विद्युत विकास विभाग
सानो गौचरण काठमाण्डौं

विषयः आ.ब. २०८२/०८३ को दोस्रो त्रैमासिक वित्तिय प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धीत यस पियोर इनर्जी लिमिटेडको आ.ब २०८२/८३ को दोस्रो त्रैमासिक वित्तिय विवरण मिति २०८२ माघ २७ गते मंगलवार राष्ट्रिय दैनिक पत्रिका आर्थिक अभियानमा प्रकाशित गरिएको व्यहोरा जानकारी सहित निवेदन गर्न चाहान्छौं ।

भवदिय,

कम्पनी सचिव

संलग्न कागजातः
१. राष्ट्रिय दैनिक पत्रिका आर्थिक अभियानमा प्रकाशित विवरणको प्रतिलिपी ।

पियोर इनर्जी लिमिटेड

PURE ENERGY LTD

काठमाडौँ महानगरपालिका, वडा नं. १०, काठमाडौँ

+977-01 5912812/13/14

इमेल: info@pureenergynepal.com वेभसाइट: www.pureenergynepal.com

Unaudited Financial Reports (Quarterly)

As on Second Quarter End of Fiscal Year 2082/83

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.ब. २०८२/०८३ को दोस्रो त्रैमासिक विवरण

१. वित्तीय विवरण

- दोस्रो त्रैमासिकको अपरिक्षित (Unaudited) वित्तीय विवरणहरू र वित्तीय अनुपातहरू यस प्रतिवेदनको अंशका रूपमा प्रकाशित गरिएका छन् ।
- यहाँ प्रस्तुत गरिएका वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदन मानक (NFRS) अनुसार तयार पारिएका छन् ।
- महत्वपूर्ण वित्तीय अनुपातहरू: अपरिक्षित वित्तीय विवरणमा संलग्न गरिएअनुसार ।

क) अपरिक्षित संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण :

Unaudited Statement of Financial Position

(Figure In NRs.)

Particulars	As on Poush end 2082	As on Ashwin end 2082	As on Poush end 2081
Assets			
Non Current Assets			
Property, Plant and Equipment	2,048,792,931	2,069,855,760	2,146,176,099
Intangible Assets	3,947,616	4,088,151	4,523,968
Right-of-use Assets	130,144,606	131,573,532	136,004,806
Investment	47,010,000	42,010,000	-
Other Assets	1,359,994	3,161,974	2,215,306
Total Non Current Assets	**2,231,255,147**	**2,250,689,417**	**2,288,920,179**
Current Assets			
Inventories	3,110,546	3,273,171	137,055
Cash and Cash Equivalents	20,114,634	20,727,562	4,612,829
Trade Receivables	30,112,791	44,293,059	35,503,848
Prepayments	6,562,627	2,704,939	6,647,552
Other Assets	515,467	535,242	473,663
Total Current Assets	**60,416,065**	**71,533,973**	**47,374,947**
Total Assets	**2,291,671,212**	**2,322,223,390**	**2,336,295,126**
Equity and Liabilities			
Equity			
Share Capital	800,000,000	800,000,000	640,000,000
Other Equity	13,066,818	12,843,383	(20,346,336)
Total Equity	**813,066,818**	**812,843,383**	**619,653,664**
Non Current Liabilities			
Long Term Borrowings	1,346,481,778	1,370,095,214	1,550,313,931
Trade Payables	-	-	-
Other Liabilities	-	-	-
Total Non Current Liabilities	1,346,481,778	1,370,095,214	1,550,313,931
Current Liabilities			
Trade Payables	3,760,653	4,383,100	22,476,992
Short Term Borrowings	111,207,153	104,105,846	110,618,196
Other Liabilities	15,918,571	29,566,313	33,232,343
Provisions	1,236,239	1,229,536	-
Total Current Liabilities	**132,122,616**	**139,284,794**	**166,327,531**
Total Equity and Liabilities	**2,291,671,212**	**2,322,223,390**	**2,336,295,126**

Unaudited Statement of Profit or Loss

(Figure In NRs.)

Particulars	For the Period ended Poush end 2082	For the Period ended Ashwin end 2082	For the Period ended Poush end 2081
Income:			
Revenue From Operations	116,113,829	65,515,186	120,659,919
Miscellaneous Income	71,114	39,923	129,097
Total Revenue	**116,184,943**	**65,555,109**	**120,789,016**
Expenses:			
Cost of Goods Sold	7,386,212	3,701,281	6,402,896
Employee Cost	5,378,918	2,861,445	5,816,018
Administration Expenses	3,665,609	1,818,964	5,864,580
Borrowing Cost	40,585,529	21,174,521	51,085,048
Depreciation and Amortization	49,662,892	26,723,252	49,212,224
Total Expenditure	**106,679,159**	**56,279,463**	**118,380,766**
Profit/(Loss) Before CSR, Bonus and Tax	**9,505,784**	**9,275,645**	**2,408,250**
Less			
Provision for Bonus	184,578	180,110	
Provision for CSR	92,289	90,055	
Profit/(Loss) Before Tax	**9,228,916**	**9,005,481**	**2,408,250**
Current Tax	-	-	-
Deferred Tax	-	-	-
Prior Year Taxes	-	-	-
Net Profit/(Loss) After Tax	**9,228,916**	**9,005,481**	**2,408,250**

ख) प्रमुख वित्तीय सूचकहरु:

क्र.सं	विवरण	यस त्रैमासिकको अन्त्य सम्मको	अघिल्लो त्रैमासिकको अन्त्य सम्मको	अघिल्लो आ.व. को यसै त्रैमासिकको अन्त्य सम्मको
१	प्रति शेयर आम्दानी (रु.) वार्षिककृत	२।३१	४।५०	०।७५
२	प्रति शेयर नेटवर्थ (रु.)	१०१।६३	१०१।६१	९६।८२
३	प्रति शेयर सम्पत्ती मूल्य (रु.)	२८६।४६	२९०।२८	३६५।०५
४	तरलता अनुपात	०।४६	०।५१	०।२८
५	ऋण पुँजी अनुपात	१।७९	१।८१	२।६८

२. व्यवस्थापकीय विश्लेषण

क) यस कम्पनीले हस्ताक्षर गरिएको PPA (विद्युत खरिद सम्झौता) अनुसार नेपाल विद्युत प्राधिकरणलाई निरन्तर र कुनै अवरोध विना बिजुली आपूर्ति गर्दै आएको छ ।

ख) यस त्रैमासिकमा कम्पनीको खातामा नियमित विद्युत बिक्रीबाट रकम भुक्तानी प्राप्त भएको छ । आगामी अवधिमा पनि यस कम्पनीको आयोजनाको व्यवस्थापनको विश्लेषण गर्दै व्यवसायिक रुपले सक्षम तरिकाबाट सञ्चालन गरी अधिकाधिक विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई उपलब्द गराउने योजना छ ।

ग) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको साँवा तथा ब्याजको भुक्तानी नेपाल राष्ट्र बैंकद्वारा समय समयमा गर्दै निर्धारित समयमा भुक्तानी गरि रहेको छ ।

३. कानूनी कारबाही सम्बन्धी विवरण

१. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए ।

यस कम्पनीको संस्थापक समुह तर्फको ६४,००,००० कित्ता शेयर सी. डि. एस. एण्ड क्लियरिङ्ग लि. ले हाल सम्म अभौतिकरण नगरेको हुँदा उक्त शेयरहरु शिघ्र एउटै ISIN नं. मा अभौतिकरण गर्न सी. डि. एस. एण्ड क्लियरिङ्ग लि. समेत विरुद्ध कम्पनी तथा यसका केहि संस्थापक शेयरधनीले उत्प्रेषण, परमादेश समेतको रिट निवेदन दायर गरेको ।

२. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।

यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

३. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।

यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०८२/८३ को दोस्रो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोवारको विवरण देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या	कारोवार शेयर संख्या
१,१३८।००	७३५।१०	१,०४८।००	५५	२२,११५	१,६६६,७१२

५. समस्या र चुनौती

कम्पनीले बहन गर्नु परेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन्। संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाहय समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।

६. संस्थागत सुशासन

यस कम्पनिले संस्थागत सुशासन, संस्थागत सुशासन अभिवृद्धिका लागि सदैब उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरु व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरि आएको छ ।

कम्पनीभित्र सुशासनलाई सुदृढ पार्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, व्यवस्थापन तथा सञ्चालन टोलीको नियमित बैठकहरू बसिरहेका छन् ।

७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ । मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरुलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।